GOVERNMENT OF NEPAL

# लागु औषध नियन्त्रण ब्यूरो

कोटेश्वर, काठमाडौं

प्रेस विज्ञप्ति- ३७४

Press Release- 374

मिति: २०८२।०४।१५ गते।

## कोकिन सहित ४ जना विदेशी नागरिक पक्राउ।

बिभिन्न नाकाबाट विदेशी नागरिकहरू नेपाल प्रवेश गरी लागु औषध कोकिन कारोवार गरिरहेको भन्ने बिशेष सुचनाको आधारमा निग्रानी गर्दा लागु औषध नियन्त्रण व्यूरोबाट खटिएको प्रहरी टोलीले १ के.जि. ६०६ ग्राम कोकिन सहित ४ जना विदेशी नागरिकहरु पक्राउ।

### अप्रेशन नं. १. कोकिन ३२ ग्राम सहित २ जना विदेशी नागरिक प्रकाउ

मिति २०८२।०४।१२ गते जिल्ला काठमाण्डौ,नागार्जुन न.पा. वडा नं. ३, ईचङ्गुनारायबाट शंकास्पद अवस्थामा कोकिन विक्री गर्न बसी रहेका ERITREAN नागरिक बर्ष ३७ को YUSOUF ATOM लाई लागु औषध **कोकिन ३२ ग्राम** सहित पक्राउ गरी थप अनुसन्धान गर्ने क्रममा निज बसेको होटेल कोठाबाट रसियन नागरिक बर्ष ४४ को ANDREI MALYSHEV सहित दुई जना बिदेशी नागरिक पक्राउ।

### अप्रेशन नं. २. कोकिन १ के.जी.५७४ ग्राम सहित २ भारतिय नागरिक पक्राउ

त्रिभुवन अन्तर्राष्ट्रिय बिमानस्थलमा हवाई मार्ग हुँदै नेपाल प्रवेश गरेका व्यक्तिहरुको शंकास्पद गतिविधी पहिचान गरी निग्रानी गर्ने क्रममा मिति २०८२।०४।१३ गते त्रिभुवन अन्तर्राष्ट्रिय बिमानस्थल हुँदै जिल्ला काठमाण्डौ, का.म.न.पा. वडा नं.९, सिनामंगल स्थित एक होटेलमा प्रवेश गरेकी भारतीय महिला बर्ष ३५ की RUBINA ABDULLAH SHAIKH लाई निजले साथमा बोकेको व्यागमा लुकाई छिपाई ल्याएको लागु औषध **कोकिन १.५७४ किलोग्राम** सहित पक्राउ गरी थप अनुसन्धानको क्रममा मिति २०८२।०४।१४ गते उक्त लागु औषध कोकिन लिन आएका भारतीय नागरिक बर्ष ३३ को ARUN PRATAP समेतलाई सोही होटेलबाट पक्राउ गरी थप अनुसन्धान भई रहेको।

***निज उपर लागु औषध (नियन्त्रण) ऐन, २०३३ बमोजिम सम्मानित काठमाण्डौ जिल्ला अदालतबाट लागु औषध मुद्दामा म्याद थप भई अनुसन्धान भईरहेको छ।***

*"लागु औषधको उत्पादन, सञ्चय, ओसारपसार, विक्री वितरण तथा सेवन गर्नु अपराध हो। यस्ता गैर कानूनी गतिविधिमा आफू पनि नलागौं, अरुलाई पनि लाग्न नदिऔं"*

कोकिन





सह-प्रवक्ता
(जिवन निरौला)
प्रहरी नायव उपरीक्षक

Contact no.:014611048, email: ncb@nepalpolice.gov.np, www.ncb.nepalpolice.gov.np, facebook.com/NCBureauNepal